# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, माघ १२ गते २०३२ साल [संख्या ४१


श्री ५ को सरकार

## परराष्ट्र मन्त्रालयको

## सूचना

पर्वतारोहणसम्बन्धी नियमावली, २०३२

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम "पर्वतारोहणसम्बन्धी नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) 'पर्वतारोहण' भन्नाले नेपाली हिम श्रृंखलाका कुनै निश्चित चुलीको टुप्पामा पुग्ने उद्देश्य लिई कुनै संगठित दलले आरोहण गर्ने कार्य सम्झनु पर्छ।

(ख) 'पर्वतारोही' भन्नाले पर्वतारोहण गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) 'सम्पर्क अधिकृत' भन्नाले पर्वतारोही दलको साथमा जान नियम ५ बमोजिम श्री ५ को सरकारबाट खटाइएको व्यक्ति सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) 'सरदार' भन्नाले स्थानीय भरिया बन्दोवस्त गर्ने, मार्गदर्शकको काम गर्ने, उचाइमा जाने भरिया र आधार शिविरका कामदारहरूको नियन्त्रण गर्ने जिम्मेवारी लिने नाइके सम्झनु पर्छ ।

(ङ) 'मार्गदर्शक' भन्नाले आधार शिविरभन्दा माथि पर्वतारोहीहरूलाई आरोहण कार्यमा सहयोग र मद्दत गर्न जाने व्यक्ति सम्झनु पर्छ ।

(च) 'उचाइमा जाने भरिया' भन्नाले आधार शिविरभन्दा माथि आवश्यक मालसामानको भारी लैजाने ल्याउने भरिया सम्झनु पर्छ ।

(छ) 'स्थानीय भरिया' भन्नाले आधार शिविरसम्म पर्वतारोही दलको सामान भारी बोकी लैजाने ल्याउने भरिया सम्झनु पर्छ ।

(ज) 'आधार शिविरका कामदार' भन्नाले आधार शिविरमा पर्वतारोही दलको खाना पकाउने, भाँडा माझ्ने, हुलाकी र अरु यस्तै काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) 'दुर्घटना' भन्नाले पर्वतारोहण अभियानको सन्दर्भमा घटेको सबै प्रकारको दुर्घटनाहरू, हिउँको वा उचाइको कारणबाट उत्पन्न रोग र त्यसबाट हुने अङ्गभङ्ग वा मृत्युलाई जनाउँछ ।

(ञ) 'आधार शिविर' भन्नाले सम्बन्धित पहाड आरोहण गर्दा चाहिने मालसामान खाद्य सामग्री औषधि आदि राखी अग्रिम शिविरलाई निर्देशन दिन खडा गरिएको सबभन्दा तल्लो शिविरलाई जनाउँछ ।

(ट) 'संघ' भन्नाले प्रचलित नेपाल कानून बमोजिम खडा भएको नेपाल पर्वतारोहण संघ सम्झनु पर्छ ।

(ठ) 'संस्था' भन्नाले पदयात्राको व्यवस्था वा पर्वतारोहण अभियानको लागि चाहिने सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारहरूको आपूर्ति गर्ने प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ड) 'पदयात्रा (ट्रेकिङ्ग)' भन्नाले नेपालका विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गर्ने उद्देश्यले साधारणतया आधुनिक सवारीका साधन उपलब्ध नहुने ठाउँमा पैदल भ्रमण गर्ने कार्यलाई जनाउँछ ।

३. <u>पर्वतारोहणका लागि इजाजतपत्र लिनु पर्ने</u>:– (१) पर्वतारोहणको लागि खुला गरिएको नेपालको कुनै हिमाल चुलीमा आरोहण गर्न चाहने पर्वतारोही दलले श्री ५ को सरकार परराष्ट्र मन्त्रालयबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको इजाजतपत्र लिन चाहने विदेशी पर्वतारोही दलले प्रस्तावित पर्वतारोहण अभियानको एक वर्ष अगावै आफ्नो देशको ख्याती एवं मान्यता प्राप्त पर्वतारोहण संस्था वा नेपालको लागि त्यस देशको राजदूतावासको सिफारिश संलग्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी अनुसूची १ बमोजिमको ढाँचामा श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा निवेदनपत्र दिनु पर्नेछ।

(३) उप-नियम (२) बमोजिम पर्न आएको निवेदनपत्रमाथि आवश्यक जाँचबुझ गरी मनासिब ठहराएमा श्री ५ को सरकारले नियम ४ बमोजिम सलामी रकम लिई सम्बन्धित पर्वतारोही दललाई अनुसूची २ बमोजिमको ढाँचामा पर्वतारोहणको लागि इजाजतपत्र दिन सक्नेछ।

४. पर्वतारोहणको लागि सलामी रकमः– (१) नियम ३ को उपनियम (३) बमोजिम पर्वतारोहणको इजाजतपत्र पाउने पर्वतारोही दलले देहायका वर्गको चुलीहरूमा देहायका दरले श्री ५ को सरकारलाई सलामी रकम बुझाउनु पर्नेछः–

(क) सगरमाथा . . . . . पन्ध्र हजार रूपैयाँ

(ख) सगरमाथाबाहेक ८००० मीटरभन्दा माथि उचाइ भएका अन्य पर्वत चुलीहरू . . . . चौध हजार रूपैयाँ

(ग) ७५०१ मीटरदेखि ८००० मीटरसम्म उचाइ भएका पर्वत चुलीहरू . . . . . . बाह्र हजार रूपैयाँ

(घ) ६६०० मीटरदेखि ७५०० मीटरसम्म उचाइ भएका पर्वत चुलीहरू . . . . . . दश हजार रूपैयाँ

(२) उप-नियम (१) बमोजिमको सलामी रकमको आधा रकम पर्वतारोही दलले इजाजतपत्र पाएको तीन महीनाभित्र र बाँकी आधा रकम पर्वतारोहणमा जानु अघि बुझाई सक्नु पर्नेछ।

(३) उप-नियम (२) बमोजिम बुझाउनु पर्ने आधा रकम बुझाई सकेपछि सम्बन्धित पर्वतारोही दलले आफ्नो योजना बीचैमा छोडेमा त्यसरी बुझाई सकिएको आधा रकम फिर्ता दिइने छैन।

(४) नियम ३ को उप-नियम (३) बमोजिम इजाजतपत्र पाएको पर्वतारोही दलले सो इजाजतपत्र प्राप्त गरेको मितिले तीन महीनाभित्र सलामीको आधा रकम नबुझाएमा पाएको इजाजतपत्र स्वतः रद्द भएको मानिने छ।

(५) पर्वतारोहणको सलामी रकम श्री ५ को सरकारले तोके बमोजिमको परिवर्त्य विदेशी मुद्रामा भुक्तानी दिनु पर्नेछ।

(६) कुनै एक पर्वतारोही दलले तिरेको सलामी रकम अर्को पर्वतारोही दलको लागि हस्तान्तरण गर्न सकिने छैन।

५. सम्पर्क अधिकृतः– (१) इजाजतपत्र प्राप्त पर्वतारोही दलले पर्वतारोहणमा जाँदा श्री ५ को सरकारले खटाई दिएको एक जना सम्पर्क अधिकृत साथमा लैजानु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम सम्पर्क अधिकृत खटाउँदा श्री ५ को सरकारले शाही सेना वा नेपाल प्रहरीका वहालवाला वा भूतपूर्व अधिकृतहरू र नेपाल पर्वतारोहण संघबाट सिफारिश भै आएको योग्य व्यक्तिहरूमध्येबाट छनौट गरी खटाउने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम खटाइएको सम्पर्क अधिकृतलाई सम्बन्धित पर्वतारोही दलले पर्वतारोहण अभियानको लागि प्रस्थान गरेको दिनदेखि पर्वतारोहण अभियान समाप्त गरी नफर्कुञ्जेलसम्मको लागि देहाय बमोजिमको सुविधा दिनु पर्नेछः—

(क) दैनिक भत्ता . . . . पैंतीस रुपैयाँ

(ख) दुई लाख रुपैयाँको व्यक्तिगत दुर्घटना बीमा,

(ग) स्लीपिङ्ग ब्याग थान दुई, ऊनी ट्राउजर वा निकर थान दुई, मोजा चार जोर, पञ्जा एक जोर, हिउँमा लाउने जुत्ता एक जोर, फेदर ज्याकेट एक, विण्ड ज्याकेट एक, स्वीटर एक, ऊनी कमिज दुई, उनी टोपी एक, आईस एक्स एक, पाल एक, हवा वा रवरको डसना एक, रूक स्याक थान एक, हिउँमा लाउने चस्मा एक, छाता वा रेनकोट एक, खाना, औषधि उपचार र भरियाको सुविधा ।

६. सम्पर्क अधिकृतको काम र कर्तव्यः— पर्वतारोही दलको साथमा जाने सम्पर्क अधिकृतको काम र कर्तव्य देहाय बमोजिमको हुनेछ ।

(क) पर्वतारोहण दलको लस्कर (कारवाँ) शुरू भएको ठाउँदेखि सम्बन्धित पहाडको आधार शिविरसम्म दोभाषेको रूपमा काम गर्दै जाने र बाटोमा दललाई आइपरेका समस्याहरू आफ्नो स्वविवेक र ज्ञानले भ्याएसम्म सुल्झाउने,

(ख) पर्वतारोहण अभियान चालू रहेसम्म आधार शिविरमा मुकाम गर्ने र पर्वतारोहणसम्बन्धी कार्यक्रम, प्रगति एवं दुर्घटनाको व्यहोरा छिटो छरितो साधनद्वारा श्री ५ को सरकारमा पठाउने,

(ग) पर्वतारोही दलको साथमा गएका सरदार, मार्गदर्शक, सबै वर्गका भरिया तथा कामदारहरूलाई अनुशासनमा राखी कुनै मनमुटाव वा झगडा हुन नदिने,

(घ) पर्वतारोहणकालमा दलका कुनै सदस्य र स्थानीय जनता वा सरदार, मार्गदर्शक, वा भरियाहरूका बीच कुनै झै झगडा वा अप्रिय घटना घटन गए आफूले भ्याएसम्म आफूले मिलाउने र मिलाउन नसक्ने परिस्थिति उत्पन्न भएमा नजिकको प्रहरी चौकी, जिल्ला प्रशासन वा पञ्चायतबाट मद्दत लिई आवश्यक कारवाही गर्ने, गराउने,

(ङ) पर्वतारोहण दलले प्रयोग गरेको वाकी-टकी, वायरलेस सेट तथा अन्य सामानहरू हराएमा वा दुर्घटनामा परी कुनै सदस्य, सरदार, मार्गदर्शक वा भरियाको मृत्यु वा अङ्ग भङ्ग भएमा वा कुनै गंभीर अपराध भएमा वा हुन लागेमा अविलम्ब त्यसको प्रतिवेदन श्री ५ को सरकारमा पठाउने ।

७. सरदारको काम, कर्तव्य र जिम्मेवारीः— पर्वतारोही दलको साथमा जाने सरदारको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिमको हुनेछः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१०

(क) सम्पर्क अधिकृतसंग घनिष्ट सम्बन्ध राखी काम गर्ने,

(ख) पर्वतारोही दलको साथमा जाने मार्गदर्शक, उचाइमा जाने भरिया, स्थानीय भरिया तथा आधार शिविरमा काम गर्ने कामदारहरूको सामुहिक स्वार्थलाई ध्यानमा राखी काम गर्ने,

(ग) पर्वतारोही दलको सम्पूर्ण मालसामान हिनामिना हुन नदिने गरी पूरा जिम्मेवारी वहन गर्ने,

(घ) आरोहणकालमा सकेसम्म सुरक्षित र सरल तरिकाले आरोहण गर्ने मार्गबारे दलका नेता एवं सदस्यहरूलाई आफ्नो अनुभव र जानकारीले भ्याएसम्म आवश्यक सरसल्लाह दिने,

(ङ) अग्रिम शिविरहरूमा खानापिना एवं सरसामान उपयुक्त समयमा पुऱ्याउने व्यवस्था गर्ने,

(च) पर्वतारोही दलका सदस्यहरू, मार्गदर्शक र भरियाहरू आपत्तिमा परेका बखत उद्धार गर्ने काममा मद्दत पुऱ्याउने ।

८. व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्ने:– (१) पर्वतारोही दलले पर्वतारोहणको लागि आफ्नो साथमा लैजान चाहेको सम्पर्क अधिकृत, सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारहरूको व्यक्तिगत दुर्घटना बीमा गराई दिनु पर्नेछ र पर्वतारोहणको लागि प्रस्थान गर्नु अघि त्यस्तो बीमा लेखको प्रतिलिपि श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) कुनै पर्वतारोही दलले पर्वतारोहणको लागि प्रस्थान गरी सकेपछि बाटोमा आवश्यकता महशूस गरी अन्य केही व्यक्तिलाई मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारको रूपमा लग्न चाहेमा त्यस्ता व्यक्तिको पनि व्यक्तिगत दुर्घटना बीमा गराई दिनु पर्नेछ । समयाभावले त्यस्तो व्यक्तिको व्यक्तिगत दुर्घटना बीमा गराउन पाएको रहेनछ र त्यस्ता व्यक्तिहरूमध्ये कुनै व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा मृत्यु भएमा निज सरहका व्यक्तिगत दुर्घटना बीमा गराएको व्यक्तिले अङ्गभङ्ग वा मृत्यु भएमा बीमा लेख बमोजिम क्षतिपूर्तिको रूपमा पाउने बराबरको रकम अङ्गभङ्ग भएमा निजलाई र मृत्यु भएमा निजको सबभन्दा नजिकको हकवालालाई दिनु पर्ने जवाफदेही सम्बन्धित पर्वतारोही दलको हुनेछ ।

(३) पर्वतारोही दलको साथमा पर्वतारोहणमा जाने सम्पर्क अधिकृत, सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारहरूले त्यसरी पर्वतारोहणमा जानु अगावै अनुसूची ३ बमोजिमको इच्छापत्रको तीन प्रति भरी एक प्रति काम गर्ने संस्था, एक प्रति नेपाल पर्वतारोहण संघ तथा एक प्रति श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. क्षतिपूर्ति दिनु पर्नेः– (१) पर्वतारोही दलको साथमा पर्वतारोहणमा गएको सम्पर्क अधिकृत, सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया, आधार शिविरमा काम गर्ने कामदारहरूमध्ये कसैको दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा मृत्यु भएमा नियम ८ को उपनियम (१) बमोजिम गराइएको बीमा लेखमा उल्लिखित शर्तहरू बमोजिमको क्षतिपूर्ति सम्बन्धित बीमा कम्पनीबाट अङ्गभङ्ग भएमा निजले र मृत्यु भएमा बीमा लेखमा इच्छाएको व्यक्तिले पाउनेछ र बीमा नभएकोमा नियम ८ को उप-नियम (३) बमोजिम भरिएको इच्छापत्रमा इच्छाएको व्यक्तिले पाउने छ।

(२) बीमा लेखमा वा नियम ८ को उप-नियम (३) बमोजिम भरिएको इच्छापत्रमा इच्छाएको व्यक्ति नाबालक रहेछ भने त्यस्तो नाबालक बालिग नहुन्जेलसम्म उप-नियम (१) बमोजिमको क्षतिपूर्तिको रकम निजहरूको नाउँमा बैंकको मुद्दती खातामा जम्मा गरिनेछ र त्यसरी मुद्दती खातामा जम्मा रहेको रकम सो अवधिभित्र कुनै प्रकारले बिक्री वा धितो बन्धक राख्न पाइने छैन। त्यस्तो रकमको ब्याजसम्म झिकी संरक्षकले त्यस्तो नाबालकको पालन पोषण गर्न सक्नेछ।

(३) नियम ८ को उप-नियम (१) वा (२) बमोजिम व्यक्तिगत दुर्घटना बीमा गराइएको कुनै व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा मृत्यु भएमा व्यक्तिगत दुर्घटना बीमा अनुसारको रकम सम्बन्धित बीमा कम्पनीबाट दिलाई दिने सम्पूर्ण जिम्मेवारी पर्वतारोही दलको हुनेछ।

१०. सरदार, मार्गदर्शक र उचाइमा जाने भरियालाई दिनु पर्ने सुविधाः– पर्वतारोही दलको साथमा आधार शिविरभन्दा माथि जाने सरदार, मार्गदर्शक तथा उचाइमा जाने भरियालाई पर्वतारोही दलले देहायको सुविधाहरू दिनु पर्नेछः–

(क) सरदार र ६६०० मिटरदेखि माथिको उचाइमा जाने मार्गदर्शक तथा उचाइमा जाने भरियालाई एक लाख पचास हजार रूपैयाँको व्यक्तिगत दुर्घटना बीमा,

(ख) आधार शिविरदेखि ६६०० मिटरसम्मको उचाइमा जाने मार्गदर्शक तथा उचाइमा जाने भरियालाई पचहत्तर हजार रूपैयाँको व्यक्तिगत दुर्घटना बीमा,

(ग) सरदारलाई तीस रूपैयाँ दैनिक भत्ता र मार्गदर्शक तथा उचाइमा जाने भरियालाई अट्ठाइस रूपैयाँ दैनिक भत्ता,

(घ) आवश्यक खाना, लुगा तथा औषधी उपचार लगायत पर्वतारोहीले पाउने अन्य सबै सुविधा,

(ङ) अन्तिम शिविरमा पुगेकालाई त्यस हिमाल चुलीमा पुग्ने अवसर।

११. आधार शिविरमा काम गर्ने कामदारलाई दिनु पर्ने सुविधाः– पर्वतारोही दलले आधार शिविरका कामदारलाई देहायका सुविधाहरू दिनु पर्नेछः–

(क) पचास हजार रूपैयाँ बराबरको व्यक्तिगत दुर्घटना बीमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१२

(ख) पच्चीस रूपैयाँ दैनिक भत्ता,

(ग) आधार शिविरमा बस्ने पर्वतारोहीले पाए सरहका अन्य सुविधा ।

१२. स्थानीय भरियालाई दिनु पर्ने सुविधाः– (१) पर्वतारोही दलले पर्वतारोहणको लागि चाहिने आवश्यक मालसामान बोकाई आफ्नो साथमा लैजान चाहेको स्थानीय भरियाको व्यक्तिगत दुर्घटना बीमा गराई दिनु अनिवार्य हुने छैन ।

तर व्यक्तिगत दुर्घटनाको बीमा नगराइएको स्थानीय भरियाले मालसामान बोकी ल्याउँदा लैजाँदा दुर्घटना परी निजको मृत्यु भएमा निजको सबभन्दा नजिकको हकवालालाई पचास हजार रूपैयाँ र अङ्गभङ्ग भएमा त्यति रकमको व्यक्तिगत दुर्घटनाको बीमा लेख गराइएको भए पाउने दर अनुसारको क्षतिपूर्ति निज भरियालाई पर्वतारोही दलले दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिनु पर्ने क्षतिपूर्तिको सुविधाको अतिरिक्त पर्वतारोही दलले स्थानीय भरियालाई देहायका सुविधा दिनु पर्नेछः–

(क) अठार रूपैयाँ न्यूनतम दैनिक ज्याला,

(ख) हिउँमा भारी बोकी हिंड्नु परेमा एक जोर जुत्ता, एउटा ओढ्ने वा ज्याकेट र एक जोर पन्जा ।

१३. स्वास्थ्य परीक्षणः– पर्वतारोही दलले पर्वतारोहणको लागि प्रस्थान गर्नुभन्दा पहिले आफ्नो दलको चिकित्सकद्वारा दलका साथमा जाने सम्पर्क अधिकृत, सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारहरूको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम स्वास्थ्य परीक्षण गराउँदा स्वास्थ्य राम्रो नदेखिएको व्यक्तिलाई आफ्नो साथमा लैजान हुँदैन ।

१४. कामबाट हटाउन सकिनेः– पर्वतारोहण चालू रहेको अवस्थामा दलसंग गएका सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरमा कामदारहरूमध्ये कुनै व्यक्तिको काम गराइ सन्तोषजनक छैन भनी ठहराएमा दलका नेताले सम्पर्क अधिकृतसंग परामर्श गरी त्यस्तो व्यक्तिलाई कामबाट हटाउन सक्नेछ ।

१५. पर्वतारोही दललाई दिइने सुविधाः– नियम ३ को उपनियम (२) बमोजिम पर्वतारोहणको लागि इजाजत पाएको पर्वतारोही दललाई श्री ५ को सरकारले देहायको सुविधा दिन सक्नेछः–

(क) पर्वतारोहण अभियान समाप्त भएपछि स्वदेश फिर्ता लैजाने शर्तमा बाह्लवटा सम्म वाकी-टकीहरू र आधार शिविरदेखि सबभन्दा नजीकको प्रहरी चौकी वा दूर सञ्चारको साधन भएको ठाउँसंग कुरा गर्न सकिने क्षमता भएको वायरलेस सेट दुई अस्थायी रूपमा पैठारी गरी अभियानकालमा प्रयोग गर्न,

(ख) पर्वतारोहणको लागि पैठारी गरिने मालसामानहरूमा लाग्ने भन्सार शुल्कमा आंशिक छूट ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस खण्ड बमोजिम भन्सार शुल्कमा छूट पाएर पैठारी गरिएको मालसामानहरू श्री ५ को सरकारको स्वीकृति बेगर बेच्न वा कुनै व्यक्तिलाई चन्दास्वरूप दिन पाइने छैन।

१६. प्रतिनिधि नियुक्त गर्नु पर्ने:– पर्वतारोहणमा संलग्न रहेको बखत काठमाडौंमा भईपरी आउने काम गर्नको लागि पर्वतारोही दलले श्री ५ को सरकारलाई पूर्व जानकारी दिई आफ्नो प्रतिनिधि नियुक्त गर्नु पर्नेछ।

१७. सरदार, मार्गदर्शक र उचाइमा जाने भरियाको व्यवस्था:– कुनै पर्वतारोही दललाई पर्वतारोहणको लागि चाहिने सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया र आधार शिविरका कामदारहरूको आपूर्ति संघको सदस्यता प्राप्त गरेको संस्थाले मात्र गर्न पाउनेछ।

(२) उप-नियम (१) बमोजिम सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया र आधार शिविरका कामदारहरूको व्यवस्था गर्ने संस्थाले नियम १९ बमोजिम परिचय–पत्र पाएको व्यक्तिहरूमध्येबाट निजहरूको परिचय-पत्रमा उल्लिखित योग्यताको आधारमा उपयुक्त काम तोकी आपूर्ति गर्नु पर्नेछ।

१८. संघको सदस्यता प्राप्त गर्नु पर्ने:– कुनै पर्वतारोही दलको साथमा सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया वा आधार शिविरको कामदार भई पर्वतारोहणमा जान इच्छुक व्यक्तिले संघको सदस्यता प्राप्त गर्नु पर्नेछ।

१९. परिचय-पत्र दिइने:– (१) नियम १८ बमोजिम संघको सदस्यता प्राप्त गरेको व्यक्तिलाई संघले निजको अनुभव, योग्यता र तालीमको आधारमा सरदार, मार्गदर्शक, उचाइमा जाने भरिया वा आधार शिविरका कामदारमध्ये जुन कामको लागि योग्य छ सो काम तोकी परिचय-पत्र दिनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम संघबाट दिइने परिचय-पत्रमा परिचय-पत्र पाउने व्यक्तिको नाम, स्थायी र अस्थायी ठेगाना, उचाइ, जन्ममिति, फोटो, दर्ता नं, परिचय-पत्र, बहाली रहने अवधि र नवीकरणसम्बन्धी व्यवस्था आदि खुलाइएको हुनु पर्नेछ।

२०. परिचय-पत्रको बहाली अवधि र नवीकरण:– (१) नियम १९ बमोजिमको परिचय–पत्र सो प्राप्त गरेको मितिले एक वर्षसम्म बहाल रहनेछ र सो म्याद भुक्तान भएपछि संघबाट नवीकरण गराउनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम परिचय-पत्र नवीकरण गराउन आउने व्यक्तिलाई संघले कुनै स्विकृत चिकित्सकद्वारा स्वास्थ्य परीक्षा गराउन लगाई पर्वतारोहणमा जान स्वास्थ्यको दृष्टिकोणले योग्य छ भनी चिकित्सकले प्रमाणित गरिदिएको व्यक्तिको परिचय-पत्र मात्र नवीकरण गर्नेछ।

२१. पर्वतारोहणको परित्याग:– पर्वतारोही दलले कुनै पनि बखत आफ्नो पर्वतारोहण अभियान परित्याग गर्न सक्नेछ र यसरी प्रस्तावित वा चालू पर्वतारोहण अभियान परित्याग गरेमा श्री ५ को सरकारलाई बुझाएको सलामी रकम फिर्ता गरिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. अभियान पछि सार्न सकिने:– (१) कुनै पर्वतारोही दलले आफूले इजाजत पाएको प्रस्तावित पर्वतारोहण अभियानको तिथि पछि सार्न चाहेमा कम्तीमा चार महीना अगावै श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिमको लिखित सूचना प्राप्त हुन आएमा श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले प्रस्तावित पर्वतारोहण अभियानको तिथि पछि सार्न सक्नेछ।

(३) उप-नियम (२) बमोजिम पर्वतारोहण अभियान पछि सारिंदा सम्बन्धित पर्वतारोही दलले बुझाई सकेको सलामी रकम पछि सारिएको पर्वतारोहण अभियानको लागि कायम रहनेछ।

तर प्रस्तावित पर्वतारोहण अभियानको चार महीनाभन्दा कम समय बाँकी हुँदा पर्वतारोहण अभियान पछि सार्न सूचना दिने पर्वतारोही दलले बुझाई सकेको सलामी रकम पछि सारिएको पर्वतारोहणको लागि कायम रहने छैन।

२३. पर्वतारोहणसम्बन्धी सामानहरू जँचाउनु पर्ने:– (१) पर्वतारोही दलले पर्वतारोहण अभियानको लागि प्रस्थान गर्नु भन्दा पहिले आफ्नो सबै सामानहरू सम्पर्क अधिकृतबाट जँचाउनु पर्नेछ।

(२) सम्पर्क अधिकृतलाई शंका लागेमा पर्वतारोहण कार्य चालू रहेको बखत पनि दलको सामानहरू जाँच्न सक्नेछ।

२४. आपतकालीन उद्धार कार्य:– (१) पर्वतारोही दलको कुनै सदस्य, सरदार, मार्गदर्शक, भरिया वा सम्पर्क अधिकृतलाई आपतकालीन उद्धार गर्न परेमा नियम १६ बमोजिम नियुक्त प्रतिनिधि वा उद्धार कार्यको लागि खडा भएका संस्था मार्फत उद्धार कार्य गराउन सकिनेछ।

(२) उप-नियम (१) बमोजिमको उद्धार कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित पर्वतारोही दलले व्यहोर्नु पर्नेछ।

२५. पर्वतारोहण मार्ग:– पर्वतारोही दलले आफूले इजाजत पाएको मार्गबाट मात्र आरोहण गर्नु पर्नेछ।

तर प्राकृतिक तथा अन्य कारणले गर्दा मार्ग बदल्न चाहेमा श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयको पूर्व स्विकृति लिई मार्ग बदल्न सकिनेछ।

२६. इजाजत-पत्र रद्द गर्न तथा प्रतिबन्ध लगाउन सकिने:– (१) श्री ५ को सरकारले कुनै खास कारण देखाई वा नदेखाइकन कुनै पर्वतारोही दललाई यस नियमावली बमोजिम दिएको इजाजतपत्र कुनै पनि समय रद्द गर्न वा फिर्ता लिन सक्नेछ।

(२) श्री ५ को सरकारले चाहेमा पर्वतारोहणको लागि खुला गरिएको कुनै चुली माथि आरोहण गर्नमा प्रतिबन्ध लगाउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. पर्वतारोही दलले पालन गर्नु पर्ने शर्तहरू:– नियम ३ बमोजिम पर्वतारोहणको लागि इजाजतपत्र पाएको पर्वतारोही दलले देहायको शर्तहरू पालन गर्नु पर्नेछ।

(क) आफ्नो गतिविधि आफूले इजाजत पाएको हिमाल चुली आरोहण गर्ने काममा मात्र सीमित राख्नु पर्छ।

(ख) पर्वतारोहण गर्न गएको क्षेत्रको स्थानीय जनताको रिति, रिवाज, धार्मिक, सामाजिक एवं साँस्कृतिक परम्परा आदिमा आघात पुऱ्याउने खालका कुनै कार्य गर्नु हुँदैन।

(ग) प्रचलित नेपाल कानून बमोजिम इजाजतपत्र वा अनुमति पाएकोमा बाहेक कुनै किसिमको हात-हतियार वा विस्फोटक पदार्थ साथमा लैजान हुँदैन।

(घ) नेपाल अधिराज्यको सुरक्षा एवं प्रतिष्ठामा प्रतिकूल असर पर्ने किसिमको कुनै काम गर्नु हुँदैन।

(ङ) नियम १५ बमोजिम सुबिधा स्वरूप पाएको बाहेक अन्य कुनै किसिमको दूर सञ्चारको साधन प्रयोग गर्न हुँदैन।

(च) पर्वतारोहण अभियानको समयमा कुनै अप्राप्य चिजहरू फेला परेमा त्यस्ता सम्पूर्ण चिजहरू सम्पर्क अधिकृत मार्फत श्री ५ को सरकारमा बुझाउनु पर्नेछ।

(छ) यस नियमावलीमा उल्लिखित अन्य शर्त बन्देजहरूको पालन गर्नु पर्नेछ।

२८. वातावरण सफा राख्नु पर्ने:– (१) पर्वतारोही दलले आफ्नो लस्कर (कारवाँ) शुरु भएको ठाउँदेखि आरोहण गरिने पर्वतको आधार शिविर रहने ठाउँसम्म क्याम्पहरू लगाउँदा स्थानीय जनतालाई मान्य हुने वा श्री ५ को सरकारले क्याम्पिङ्ग साइटको लागि छुटयाई दिएको ठाउँमा मात्र क्याम्पिङ्ग गर्नु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम खडा गरेको क्याम्पहरूबाट प्रस्थान गर्नु पूर्व त्यहाँ प्रयोग गरिसकेको सामानहरूको बट्टा, बाकस आदि पानीघाट, धार्मिक स्थल वा सार्वजनिक महत्त्वको ठाउँको वातावरणमा प्रतिकूल असर नपर्ने ठाउँमा लगी जलाउनु वा पुर्नु पर्नेछ।

(३) आधार शिविर र त्यसदेखि माथि खडा गरिएको अग्रिम शिविरहरू पर्वतारोहण कार्य समाप्त भई सकेपछि सफा गर्नु पर्नेछ।

(४) पर्वतारोहण गर्न गएको क्षेत्र वरपरका रूख पात तथा अन्य वन्य सम्पदालाई क्षति पुऱ्याउन वा मास्नु हुँदैन।

२९. पर्वतारोहण कालभित्र साप्ताहिक प्रतिवेदन पठाउनु पर्ने:– पर्वतारोही दलको नेता वा जिम्मेवार सदस्यले पर्वतारोहणकालमा प्रत्येक सात सात दिनमा अनुसूची ४ बमोजिमको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९६०

प्रतिवेदन फाराम भरी सम्पर्क अधिकृतमार्फत श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ।

३०. पर्वतारोहणसम्बन्धी प्रतिवेदन दिनु पर्ने:– (१) पर्वतारोही दलका नेताले आफ्नो पर्वतारोहण कार्य समाप्त भएपछि अनुसूची ५ बमोजिमको फाराम भरी श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा प्रतिवेदन दिनु पर्नेछ।

(२) पर्वतारोही दलका नेताले पर्वतारोहण अभियान समाप्त भएको पाँच महीनाभित्र पर्वतारोहणसम्बन्धी विस्तृत चित्र र सचित्र प्रतिवेदन अंग्रेजी वा नेपाली भाषामा तयार गरी श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उप-नियम (२) बमोजिम सचित्र प्रतिवेदन पेश गर्दा आफूले आरोहण गरेको मार्गबाट लिइएको सम्बन्धित चुचुराको तस्वीर, आधार शिविर लगायत विभिन्न शिविरहरूको तस्वीर र चुलीमा पुगेको बखत आरोही सदस्यहरूले लिएको तस्वीरहरूको एक एक प्रति पेश गर्नु पर्नेछ।

३१. पर्वतारोहणसम्बन्धी समाचार प्रसारण:– (१) पर्वतारोही दलले पर्वतारोहण चालू रहेको बखत पर्वतारोहणसम्बन्धी सबै प्रकारका समाचारहरू श्री ५ को सरकारलाई पूर्व जानकारी नदिई अन्यत्र प्रकाशित गर्नु हुँदैन।

(२) पर्वतारोहण अभियान चालू रहेको बखत पर्वतारोहणसम्बन्धी सबै प्रकारका समाचारहरू दलका नेताले सम्पर्क अधिकृतमार्फत श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ।

३२. विशेष सहूलियत दिन सकिने:– यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कुनै पर्वतारोहण वा खेलकूदसम्बन्धी संस्थाले आयोजना गरेको नेपाली पर्वतारोही दललाई तथा नेपाली पर्वतारोहीलाई आरोही सदस्यको रूपमा समावेश गर्ने विदेशी पर्वतारोही दललाई श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले सलामी रकममा लगायत अन्य विशेष सहूलियत दिन सक्नेछ।

३३. प्रमाण-पत्र दिइने:– नेपाली पर्वत श्रृङ्खलाको चुचुरामा पुगेका वा पुग्न असफल भएको सबै पर्वतारोही दललाई श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले पर्वतारोहण गरेको प्रमाणपत्र दिनेछ।

३४. पर्वतारोही दलको नेताको दायित्व र जिम्मेवारी:– पर्वतारोही दलले श्री ५ को सरकार तथा अन्य संस्था एवं व्यक्तिहरूलाई तिर्नु पर्ने सलामी रकम, भत्ता र क्षतिपूर्तिसम्बन्धी दायित्व तथा दलका सदस्यले पर्वतारोहण अभियान कालमा गरेको कुनै पनि कामको जिम्मेवारी पर्वतारोही दलका नेताको हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. अनधिकृत पर्वतारोहण र क्षतिपूर्ति:– पर्वतारोहणको व्यवस्था गर्ने वा पदयात्रा गराउने संस्थाले नियम ३ बमोजिमको इजाजतपत्र प्राप्त नगरेको पर्वतारोही दललाई नेपाल अधिराज्यको कुनै हिमाल चुली आरोहण गराएमा त्यसरी अनधिकृत पर्वतारोहण गर्ने दलबाट श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले नियम ४ बमोजिमको सलामी रकमको दोव्बर रकम क्षतिपूर्तिको रूपमा असूल गर्न सक्नेछ । तथा त्यसरी अनधिकृत पर्वतारोहण गराउने संस्थाले तीन वर्षसम्म पर्वतारोहण वा पदयात्राको व्यवस्था गर्न नपाउने गरी श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले रोक लगाउन सक्नेछ ।

३६. यस नियमावलीको पालन नगरेमा हुने:– (१) कुनै पर्वतारोही दलले यस नियमावली उल्लिखित कुनै कुराको उल्लङ्घन गरेमा त्यस्ता दलका कुनै वा सबै सदस्यहरूलाई श्री ५ का सरकारले तीन वर्षदेखि पाँच वर्षसम्म नेपाल अधिराज्यमा प्रवेश निषेध वा पाँच वर्षदेखि दश वर्षसम्म नेपालमा पर्वतारोहण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(२) कुनै संस्थाले यस नियमावलीमा उल्लिखित कुराहरूको उल्लङ्घन गरेमा त्यस्ता संस्थालाई श्री ५ को सरकारले ३ वर्षसम्म पर्वतारोहणसम्बन्धी कुनै पनि व्यवस्था गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

३७. खारेजी:– पर्वतारोहणसम्बन्धी नियमहरू, २०२५ खारेज गरिएको छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ को उप-नियम (२) संग सम्बन्धित)

### पर्वतारोहणको लागि पेश गरिने दरखास्त फाराम

श्री ५ को सरकार,
परराष्ट्र मन्त्रालय,
(पर्वतारोहण शाखा)
काठमाडौं, नेपाल ।

महोदय,

हामीलाई नेपाल अधिराज्यको ... ... फीट। मिटर अग्लो ... ... हिमालको चुचुरामा सन् १९... को वसन्त। शरद ऋतुमा आरोहण गर्न इच्छा भएको हुनाले श्री ५ को सरकारको पर्वतारोहण अभियानसम्बन्धी नियमावली २०३२ बमोजिम यो निवेदन गरेका छौं। हामीहरुलाई उल्लिखित चुचुरामा आरोहण गर्न इजाजत दिइएमा श्री ५ को सरकारको पर्वतारोहणसम्बन्धी नियमहरूको परिधिभित्र रही काम गर्नेछौं। हाम्रो पर्वतारोहण अभियानसम्बन्धी विस्तृत विवरण यस प्रकार छ:–

#### विवरण

१. पर्वतारोही दलको नाम:–

२. मुलुकको नाम:–

३. आयोजक:–

४. अभियान दलको नेता:–

५. पर्वतारोही दलका सदस्यहरूको संख्या:–
(दलको सदस्यहरूको फोटो सहितको संक्षिप्त जीवनी यसैसाथ संलग्न राख्नु पर्छ)

६. पर्वतारोहणको उद्देश्य:–

७. आरोहण गर्ने चुचुराको नाम:–
उचाइ:–
(पर्वत रहेको इलाकाको नक्सा साथै राख्नु पर्छ)

८. पर्वतारोहण गर्दा अपनाइने मार्ग:–

९. काममा लगाइने स्थानीय भरियाहरूको संख्या:–

१०. पर्वतारोहण गरिने समय र अवधि:–

११. सरदारहरूको संख्या:–

१२. आधार शिविरभन्दा माथि जाने नेपाली सदस्यहरूको संख्या:–

१३. पर्वतारोहणको लागि अनुमानित खर्च र र खर्चको स्रोत:–

१४. प्रयोग गरिने मालसामानको अन्दाजी वजन र संख्या:–
(फेहरिष्ट यसैसाथ नत्थी गर्नु पर्छ)

१५. काठमाडौंमा सम्पर्क माध्यम:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९९

१६. पर्वतारोही सदस्यहरूको मातृ भाषा:–

१७. नेपालमा सरदार, मार्गदर्शक र उच्चाइमा भरिया तथा आधार शिविरका कामदार बन्दोबस्त गर्ने संस्था:–

मिति:–

१८. पर्वतारोहणसम्बन्धी सामान ओसार्ने साधन:–

(क) नेपालबाहिर:–

(ख) नेपालभित्र:–

१९. अरू केही खास विवरण भए:–

(क)

(ख)

प्रस्तावित अभियान दलको नेताको

दस्तखत:–

नाम:–

ठेगाना:–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ३ को उप-नियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

परराष्ट्र मन्त्रालय

शिष्टाचार महापालको महाशाखा

पर्वतारोहण-शाखा

संख्या:– मिति:–

इजाजतपत्र

श्री ५ को सरकारबाट सन् १९... को वसन्त । शरद ऋतुमा निम्नलिखित पर्वतारोही दललाई निम्नलिखित हिमालको चुचुरा आरोहण गर्न अनुमति प्रदान गरिएको छ।

१. पर्वतारोही दलको नाम:–

२. देश:–

३. चुचुराको नाम र उचाइ:–

४. जाने मार्ग:–

५. आरोहण गर्ने मार्ग:–

शिष्टाचार महापाल

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२१

## अनुसूची–३

(नियम ८ को उप-नियम (३) संग सम्बन्धित)

### इच्छापत्रको ढाँचा

लिखितम नेपाल अधिराज्यमा जन्म भै . . . . . . अञ्चल . . . . . . जिल्ला . . . . . . गा. पं. । न. पं. वडा नं. . . . . . . गाउँ । टोल बस्ने . . . . . . को छोरा । छोरी . . . . . . वर्ष . . . को . . . . . . आगे म . . . . . . पर्वतारोही दलसंग . . . . . . हिमाल आरोहण गर्न दलको साथमा . . . . . . भै जाँदा वा काम गर्दा कथंकदाचित दुर्घटनामा परी मेरो मृत्यु हुन गएमा पर्वतारोहण अभियानसम्बन्धी नियमावली, २०३२ बमोजिम . . . . . ., बीमा कम्पनीबाट पाउने बीमा रकम बीमा लेखमा इच्छाएको व्यक्तिलाई र . . . . . . पर्वतारोही दलबाट पाउने अन्य क्षतिपूर्तिको रकम मेरो शेषपछि . . . . . . अञ्चल . . . . . . जिल्ला . . . . . . गा. पं. । न. पं. वडा नं. . . . . . . गाउँ । टोल बस्नेको छोरा । छोरी । स्वास्नी . . . . . . जो मेरो . . . . . . पर्छ लाई दिइयोस् र कथंकदाचित इच्छित व्यक्ति बेपट्टा भएमा वा मरेमा मेरो एकाघरको परिवारको कुनै पनि सदस्यलाई दिइएमा मेरो मन्जूर छ भनी खुशीराजीसंग यो इच्छापत्र लेखी यसको . . . प्रति बनाई मैले काम गर्ने . . . . . . संस्था, मैले श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय र नेपाल पर्वतारोहण संघलाई एक एक प्रति पेश गरेको छु।

साक्षी किनारामा लेखेको सदर। इति सम्वत् २०... साल . . . महीना . . . गते रोज . . . शुभम् — — — — — —

दायाँ बूढी औंलाको छाप
नाम:–

बायाँ बूढी औंलाको छाप
साक्षीहरू:–
१.
२.
३.

बायाँ बूढी औंलाको छाप दायाँ बूढी औंलाको छाप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

622

अनुसूची–४

(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

पर्वतारोहणकालमा प्रयोग गरिने प्रतिवेदन फाराम

१. काठमाडौं छोडेको मितिः–

२. आधार शिविर खडा गरेको मितिः–

३. अरू क्याम्पहरू खडा गरेको विवरणः–

खडा गरेको क्याम्पः–

मितिः–

क्याम्प रहेको ठाउँको उचाइः–

४. मौसमको स्थितिः–

५. सदस्यहरूको स्वास्थ्यको अवस्थाः–

६. सम्पर्क अधिकृत, सरदार, मार्गदर्शक, कामदार तथा भरियाहरूको स्वास्थ्यः–

७. केही खास अनुरोध भएः–

पर्वतारोही दलको नेता । वा जिम्मेवार सदस्यको दस्तखतः–
मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

( नियम ३० को उप-नियम (१) संग सम्बन्धित )

### पर्वतारोहण अभियान समाप्त भएपछि पेश गर्ने प्रतिवेदन फाराम

१. पर्वतारोहणको नामः–
२. आरोहण गरिएको चुचुराको नाम र उचाइः–
३. नेताको नामः–
४. सदस्यहरूको संख्याः–
५. राष्ट्रियताः–
६. पर्वतारोहणको अवधिः–
७. पर्वतारोहण दल काठमाडौं आई पुगेको मितिः–
८. पर्वतारोहणको लागि काठमाडौंबाट प्रस्थान गरेको मितिः–
९. काठमाडौं फर्केको मितिः–
१०. सफल । असफल
११. चुचुरामा पुगेको वा कुन स्थानसम्म पुगेको त्यसको उचाइ र मितिः–
१२. चुचुरामा पुग्नेहरूको नामः–
१३. सम्पर्क अधिकृतको नामः–
१४. सरदारहरूः–
१५. आधार शिविरभन्दा माथि गएका नेपाली सदस्यहरूको संख्याः–
१६. काम लगाइएका स्थानीय भरियाहरूको संख्याः–
१७. पर्वतारोहणको लागि कुल खर्चः–
१८. नेपालभित्र खर्च भएको रकमः–
१९. खास शिकायत वा सुझाव भएः–
२०. पर्वतारोहणको अवधिमा कुनै दुर्घटना घटेको भए सोको विवरणः–

... ...

मितिः– (नेताको दस्तखत)

आज्ञाले–

उद्धवदेव भट्ट

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।